स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित

# अमरपुर-ढुंगेसाँघु १३२ केभी प्रसारण लाइन निर्माण सुरु

## करिब १९ किमि प्रसारण लाइनमा ६७ वटा टावर निर्माण गरिने

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल विद्युत् प्राधिकरणले अमरपुर-ढुङ्गेसाँघु १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण सुरु गरेको छ। पाँचथरको हिलिहाङ गाउँपालिकास्थित अमरपुर सबस्टेसनदेखि ताप्लेजुङको मैवाखोला गाउँपालिकास्थित ढुंगेसाँघु सबस्टेसनसम्म अमरपुर-ढुंगेसाँघु १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण सुरु गरेको हो।

झापाको लखनपुरदेखि (दमक सबस्टेसन) अमरपुर सबस्टेसनसम्मको काबेली करिडोर १३२ केभी प्रसारण लाइन र सुनसरीस्थित इनरुवा सबस्टेसनदेखि संखुवासभाको वसन्तपुर हुँदै ढुंगेसाँघुसम्मको कोशी करिडोर २२० केभी प्रसारण लाइनलाई आपसमा आबद्ध गर्न अमरपुर-ढुंगेसाँघु प्रसारण लाइन निर्माण सुरु गरिएको हो। कोशी करिडोरअन्तर्गत वसन्तपुर-इनरुवा खण्ड सञ्चालनमा आइसकेको छ। वसन्तपुर-ढुंगेसाँघु खण्ड निर्माण अन्तिम चरणमा छ। काबेली करिडोर सञ्चालनमा छ।

हिलिहाङ गाउँपालिका अध्यक्ष, वडाध्यक्ष, स्थानीय बासिन्दालगायतको उपस्थितिमा सोमबार अमरपुर-ढुंगेसाँघु १३२ केभी प्रसारण लाइनको टावर निर्माण शिलान्यास गरिएको छ। करिब १९ किमि प्रसारण लाइनमा ६७ वटा टावर निर्माण गर्नुपर्नेछ। उक्त प्रसारण लाइनबाट २ सय मेगावाट विद्युत् प्रवाह गर्न सकिने प्राधिकरणले जनाएको छ। काबेली नदी जलाधार क्षेत्रमा निर्माण भएका र हुने जलविद्युत् आयोजनाको विद्युत्लाई विश्वसनीय तथा प्रभावकारी रूपमा प्रवाह गर्न अमरपुर-ढुंगेसाँघु १३२ केभी प्रसारण लाइन सुरु गरिएको आयोजना प्रमुख अनुप गौतमले बताए। कोशी र काबेली करिडोर प्रसारण लाइन आपसमा आबद्ध हुने भएकाले कुनै कारणले काबेली करिडोरमा समस्या आए उक्त लाइनमा जोडिएको विद्युत् कोशी करिडोरतर्फ पठाउन सकिने उनको भनाइ छ।

पूर्वी नेपालको राष्ट्रिय प्रसारण ग्रिडको विश्वसनीयता बढ्नुका साथै स्थानीय विद्युत् आपूर्ति पनि विश्वसनीय, गुणस्तरीय र सुदृढ बन्नेछ। तमोर नदी जलाधार क्षेत्रमा निर्माणाधीन र निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् ढुंगेसाँघु सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा समाहित हुने प्राधिकरणले जनाएको छ।

करिब एक अर्ब २० करोड रुपैयाँ लगानीमा आर्थिक वर्ष ०७५/७६ मा आयोजना सुरु गरिएको हो। प्रसारण लाइन निर्माणका लागि ०७९ मा ठेक्का सम्झौता भएको थियो। आयोजनाअन्तर्गत अमरपुर तथा ढुङ्गेसाँघु सबस्टेसनमा दुई/दुई ओटा लाइन-वे निर्माण गरिनेछ। यसका अतिरिक्त स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ढुंगेसाँघु सबस्टेसनमा ११ केभीका संरचना निर्माण गरिनेछ। लाइन-वे र ११ केभीका संरचना बनाउन चालू आर्थिक वर्षमा ठेक्का लगाइनेछ। आयोजनाअन्तर्गतका सम्पूर्ण काम आर्थिक वर्ष २०८१/८२ मा सक्ने लक्ष्य राखिएको आयोजना प्रमुख गौतमले बताए।



भुलसुधार

हिजो २०८० १० २३ मा यसै पत्रिकामा प्रकाशित भएको ड्राइभर पदको लागि आवेदनमा दरखास्त दिने अन्तिम मिति ८ माघ २०८० भएकोमा दरखास्त दिने अन्तिम मिति ८ फागुन २०८० भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ।

UNDP

nayapatrikadaily.com
नयाँ पत्रिका

# अमरपुर-ढुंगेसाँघु १३२ केभी प्रसारणलाइन निर्माण सुरु

**नयाँ पत्रिका**

नेपाल विद्युत् प्राधिकरणले पाँचथरको हिलिहाङ गाउँपालिकास्थित अमरपुर सबस्टेसनदेखि ताप्लेजुङको मैवाखोला गाउँपालिकास्थित ढुंगेसाँघु सबस्टेसनसम्मको अमरपुर-ढुंगेसाँघु एक सय ३२ केभी डबल सर्किट प्रसारणलाइन निर्माण सुरु गरेको छ। हिलिहाङ गाउँपालिका अध्यक्ष, वडाध्यक्ष, स्थानीय बासिन्दालगायतको उपस्थितिमा सोमबार अमरपुर-ढुंगेसाँघु एक सय ३२ केभी प्रसारणलाइनको टावर निर्माण शिलान्यास गरिएको छ। करिब १९ किलोमिटर प्रसारणलाइनमा ६७ वटा टावर निर्माण गर्नुपर्नेछ। उक्त प्रसारणलाइनबाट दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ।

झापाको लखनपुरदेखि (दमक सबस्टेसन) अमरपुर सबस्टेसनसम्मको काबेली करिडोर एक सय ३२ केभी प्रसारणलाइन र सुनसरीस्थित इनरुवा सबस्टेसनदेखि संखुवासभाको वसन्तपुर हुँदै ढुंगेसाँघुसम्मको कोशी करिडोर दुई सय २० केभी प्रसारणलाइनलाई एक-आपसमा आबद्ध गर्न यो प्रसारणलाइन बनाइँदै छ। कोशी करिडोरअन्तर्गत वसन्तपुर-इनरुवा खण्ड सञ्चालनमा आइसकेको छ। वसन्तपुर-ढुंगेसाँघु खण्ड निर्माण अन्तिम चरणमा छ। काबेली करिडोर सञ्चालनमा छ।

काबेली नदी जलाधार क्षेत्रमा निर्माण भएका र हुने जलविद्युत् आयोजनाहरूको विद्युत्लाई विश्वसनीय तथा प्रभावकारी रूपमा प्रवाह गर्न अमरपुर-ढुंगेसाँघु एक सय ३२ केभी प्रसारणलाइन सुरु गरिएको आयोजना प्रमुख अनुप गौतमले बताए।

आयोजना प्रमुख गौतमका अनुसार कोशी र काबेली करिडोर प्रसारणलाइन एक-आपसमा आबद्ध हुने भएकाले कुनै कारणले काबेली करिडोरमा समस्या आएमा उक्त लाइनमा जोडिएको विद्युत् कोशी करिडोरतर्फ पठाउन सकिन्छ।

यसले गर्दा पूर्वी नेपालको राष्ट्रिय प्रसारण ग्रिडको विश्वसनीयता बढ्नुका साथै स्थानीय विद्युत् आपूर्ति पनि विश्वसनीय, गुणस्तरीय र सुदृढ बन्नेछ। तमोर नदी जलाधार क्षेत्रमा निर्माणाधीन र निर्माण हुने जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् ढुंगेसाँघु सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा समाहित हुनेछ।

नेपाल सरकारको करिब एक अर्ब २० करोड रुपैयाँ लगानीमा आर्थिक वर्ष ०७५/७६ मा आयोजना सुरु गरिएको हो। प्रसारणलाइन निर्माणका लागि ०७९ मा ठेक्का सम्झौता भएको थियो। आयोजनाअन्तर्गत अमरपुर तथा ढुंगेसाँघु सबस्टेसनमा दुई-दुईवटा लाइन वे निर्माण गरिनेछ।

यसका अतिरिक्त स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ढुंगेसाँघु सबस्टेसनमा ११ केभीको संरचना निर्माण गरिनेछ। लाइन वे र ११ केभीका संरचना बनाउन चालू आर्थिक वर्षमा ठेक्का लगाइनेछ। आयोजनाअन्तर्गतका सम्पूर्ण काम आर्थिक वर्ष ०८१/८२ मा सक्ने लक्ष्य राखिएको आयोजना प्रमुख गौतमले जानकारी दिए।

वर्ष १९ । अंक १२७ । काठमाडौं । बुधबार, २४ माघ २०८० । Wednesday, 7 February 2024 । पृष्ठ ८ । मूल्य रु. १०
आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
www.abhiyandaily.com
राष्ट्रिय दैनिक

अमरपुर-ढुंगेसाँघु १३२ केभी प्रसारण लाइन निर्माण शुरू

# ६७ टावर निर्माण हुने, एक अर्ब २० करोड लागत

**अभियान संवाददाता**
काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले पाँचथरको हिलिहाङ गाउँपालिकास्थित अमरपुर सबस्टेसनबाट ताप्लेजुङको मैवाखोला गाउँपालिकास्थित ढुंगेसाँघु सबस्टेसनसम्मको अमरपुर-ढुंगेसाँघु १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण शुरू गरेको छ। झापाको लखनपुरबाट (दमक सबस्टेसन) अमरपुर सबस्टेसनसम्मको काबेली कोरिडोर १३२ केभी प्रसारण लाइन र सुनसरीस्थित इनरुवा सबस्टेसनबाट संखुवासभाको वसन्तपुर हुँदै ढुंगेसाँघुसम्मको कोशी कोरिडोर २२० केभी प्रसारण लाइनलाई एकआपसमा आबद्ध गर्न अमरपुर-ढुंगेसाँघु लाइन निर्माण शुरू गरिएको हो।

कोशी कोरिडोरअन्तर्गत वसन्तपुर-इनरुवा खण्ड सञ्चालनमा आइसकेको छ। वसन्तपुर-ढुंगेसाँघु खण्ड निर्माण अन्तिम चरणमा छ। काबेली कोरिडोर सञ्चालनमा छ।

हिलिहाङ गाउँपालिका अध्यक्ष, वडाध्यक्ष, स्थानीय बासिन्दालगायतको उपस्थितिमा सोमवार अमरपुर-ढुंगेसाँघु १३२ केभी प्रसारण लाइनको टावर निर्माणको शिलान्यास गरिएको छ। करीब १९ किलोमिटर प्रसारण लाइनमा ६७ ओटा टावर निर्माण गर्नुपर्नेछ। उक्त प्रसारण लाइनबाट २०० मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ।

काबेली नदी जलाधार क्षेत्रमा निर्माण भएका र हुने जलविद्युत् आयोजनाहरूको विद्युत्लाई विश्वसनीय तथा प्रभावकारी

> झापाको लखनपुरबाट (दमक सबस्टेसन) अमरपुर सबस्टेसनसम्मको काबेली कोरिडोर १३२ केभी प्रसारण लाइन र सुनसरीस्थित इनरूवा सबस्टेसनबाट संखुवासभाको वसन्तपुर हुँदै ढुंगेसाँघुसम्मको कोशी कोरिडोर २२० केभी प्रसारण लाइनलाई एकआपसमा आबद्ध गर्न अमरपुर-ढुंगेसाँघु लाइन निर्माण शुरू गरिएको हो।

रूपमा प्रवाह गर्न अमरपुर-ढुंगेसाँघु १३२ केभी प्रसारण लाइन शुरू गरिएको आयोजना प्रमुख अनुप गौतमले बताए। उनका अनुसार कोशी र काबेली कोरिडोर प्रसारण लाइन एकआपसमा आबद्ध हुने भएकाले कुनै कारणले काबेली कोरिडोरमा समस्या आएमा उक्त लाइनमा जोडिएको विद्युत् कोशी कोरिडोरतर्फ पठाउन सकिन्छ।

यसले पूर्वी नेपालको राष्ट्रिय प्रसारण ग्रिडको विश्वसनीयता बढ्नुका साथै स्थानीय विद्युत् आपूर्ति पनि विश्वसनीय, गुणस्तरीय र सुदृढ बन्ने बताइएको छ। तमोर नदी जलाधार क्षेत्रमा निर्माणाधीन र निर्माण हुने जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् ढुंगेसाँघु सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ।

नेपाल सरकारको करीब एक अर्ब २० करोड रुपैयाँ लगानीमा आर्थिक वर्ष २०७५/७६ मा आयोजना शुरू गरिएको हो। प्रसारण लाइन निर्माणका लागि २०७९ सालमा ठेक्का सम्झौता भएको थियो। आयोजनाअन्तर्गत अमरपुर तथा ढुंगेसाँघु सबस्टेसनमा दुई/दुईओटा लाइन बे निर्माण गरिनेछ।

यसका अतिरिक्त स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ढुंगेसाँघु सबस्टेसनमा ११ केभीका संरचना निर्माण गरिनेछ। लाइन बे र ११ केभीका संरचना बनाउन चालू आर्थिक वर्षमा ठेक्का लगाइनेछ। आयोजनाअन्तर्गतका सम्पूर्ण काम आर्थिक वर्ष २०८१/८२ भित्र सक्ने लक्ष्य राखिएको आयोजना प्रमुख गौतमले जानकारी दिए।

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

# पुवाखोला-वान हाइड्रोको साधारणसभा

काठमाडौं (आर्थिक)। पुवाखोला-वान हाइड्रोपावर कम्पनीले वार्षिक साधारणसभाको आह्वान गरेको छ। कम्पनीले यही फागुन तीन गते काठमाडौंको अनामनगरस्थित युनियन हाउसमा आफ्नो छैटौं वार्षिक साधारणसभा गर्न लागेको हो।

वार्षिक साधारणसभामार्फत कम्पनीले अधिकृत तथा जारी पुँजी वृद्धि गर्ने, कम्पनीको जगेडा सेयर बिक्री गर्नेलगायतका प्रस्तावहरु पारित गर्ने तयारी गरेको छ।

बाङ्ग्लादेशसँग विद्युत् व्यापार कार्यान्वयन गर्ने नेपालको 'अन्तिम तयारी', ढाका पठाइएको पत्रमा के छ?

https://www.bbc.com/nepali/articles/c0d7lxvjg4go

१०० मेगावाटका सोलार आयोजना बने

https://kantipurtv.com/business/2024/02/06/1707235359.html

नेपाल-भारत विद्युत व्यापारको अन्तर्य- बदलिएको भारतीय पानी 'रणनीति'

https://www.ekagaj.com/article/thought/162910/

हिमालयन हाइड्रोपावरको विद्युत बिक्री आम्दानी बढ्यो, खुद नाफा भने ऋणात्मक

https://www.merolagani.com/NewsDetail.aspx?newsID=99284